"समुन्नत इलाम सम्पन्न इलामेली"

इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इलाम

१ नं. प्रदेश, नेपाल

प.सं. : प्र.शा.(     ) २०७९/८०

च.नं- १३५०

मिति- २०७९/०८/०७

## सुरक्षित आप्रवासन कार्यक्रमका लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०८/०७)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार बिचको द्विपक्षीय सम्झौता अनुसार संचालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गरिरहेको छ। यस सामी कार्यक्रम अन्तर्गत इलाम जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र संचालन गर्न तथा इलाम नगरपालिकामा वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्रबाट सेवा प्रवाह गर्न र समुदायमा वित्तीय साक्षरता सेवा प्रवाह गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नगरिकहरुबाट तल उल्लेखित पदका लागि **१५ (पन्ध्र)** दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कर्यालयमा निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | पद | पद संख्या | न्युनतम योग्यता तथा अनुभव |
|---|---|---|---|
| १. | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ) | १ (एक जना) | न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्णगरि परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ वर्षको कार्यानुभव भएको। कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ। |
| २. | वित्तीय साक्षरता सहजकर्ता (चौथो) | १ (एक जना) | न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण, प्रौढ शिक्षा वा वित्तिय साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको। |

(१) कार्य अवधि : हाललाई २०८० मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ।

(२) परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक। (छनौट परिक्षामा वैदेशिक रोजगारी लगायतका विषयवस्तुहरु समावेश हुनेछन्)।

(३) आवश्यक कगजातहरु र दरखास्त दिने स्थान : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित इलाम नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समय भन्दा पछी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

(४) छनौट प्रक्रिया : प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिनेछ। प्रत्येक पदमा अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ।

(५) सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।

(६) दरखास्त दिने अन्तिम मिति: २०७९/०८/२१ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ।

(७) आवेदन दस्तुर : आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता र वित्तिय साक्षरता सहजकर्ताका लागि रु. क्रमश: रू १००० र रू ६००।—

(८) तलव तथा अन्य सुविधा : कार्यक्रमको नियम अनुसार।

(९) दरखास्त पाइने स्थान : राजश्व शाखा, इलाम नगर कार्यपालिकाको कार्यालय, इलाम।

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत